सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY
CURRENT ACCOUNT • 2337087445300018

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष ९ ♦ अंक २९३ ♦ २०८३ साल असार २५ विहिवार ♦ 9 July 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## महोत्तरीमा सूर्तिजन्य पदार्थ नियन्त्रणमा प्रशासनको कडाई

**खबर दर्पण समाचारदाता**

**असार २४ गते, बर्दिवास**

महोत्तरी जिल्ला प्रशासन कार्यालयले सूर्तिजन्य पदार्थको गैरकानुनी बिक्री, वितरण तथा उपभोग नियन्त्रणका लागि कानुनी व्यवस्था कडाइका साथ कार्यान्वयन गर्ने भएको छ।

जिल्ला प्रशासन कार्यालयले बुधवार जारी गरेको सूचनामा बालबालिका, किशोरकिशोरी, विद्यार्थी तथा गर्भवती महिलामा सूर्तिजन्य पदार्थको बढ्दो प्रयोगप्रति चिन्ता व्यक्त गर्दै सूर्तिजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) ऐन, २०६८ को प्रभावकारी कार्यान्वयन गरिने उल्लेख गरिएको छ।

सूचनाअनुसार १८ वर्षभन्दा कम उमेरका व्यक्ति तथा गर्भवती महिलालाई कुनै पनि प्रकारका सूर्तिजन्य पदार्थ बिक्री, वितरण वा निःशुल्क उपलब्ध गराउन प्रतिबन्ध छ। यस व्यवस्थाको उल्लङ्घन गरेमा प्रचलित कानुनबमोजिम कारबाही गरिने प्रशासनले जनाएको छ।

यस्तै विद्यालय, कलेज, अस्पताल, स्वास्थ्य संस्था, बालकल्याण गृह, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, अनाथालय तथा नेपाल सरकारले तोकेका सार्वजनिक स्थलबाट कम्तीमा १०० मिटरको दूरीभित्र रहेका पसल वा व्यवसायबाट सूर्तिजन्य पदार्थ बिक्री-वितरण गर्न नपाइने व्यवस्था रहेको प्रशासनले पुनः स्मरण गराएको छ।

सहायक प्रमुख जिल्ला अधिकारी संजय कुमार पोखरेलका अनुसार ऐनविपरीतका गतिविधि गरेको पाइएमा ऐनको दफा १७ बमोजिम कानुनी कारबाही तथा दण्ड-सजाय गरिनेछ।

प्रशासनले महोत्तरीका सबै स्थानीय तह, नेपाल प्रहरी, उद्योगी-व्यवसायी, नागरिक समाज तथा सर्वसाधारणलाई कानुनी व्यवस्थाको पूर्ण पालना गर्न आग्रह गरेको छ। सूर्तिजन्य पदार्थ नियन्त्रण अभियानलाई प्रभावकारी बनाउन नियमित अनुगमन तथा निरीक्षणसमेत गरिने प्रशासनले जनाएको छ।

जिल्ला प्रशासन कार्यालयले चुरोट, बिँडी, खैनी, गुट्खा, सिगारलगायत जनस्वास्थ्यमा गम्भीर असर पार्ने सूर्तिजन्य पदार्थको अनियन्त्रित बिक्री र प्रयोग नियन्त्रणका लागि सबै पक्षको सहकार्य आवश्यक रहेको उल्लेख गरेको छ।

## महोत्तरीमा मलको मौज्दात अनुगमन गर्न निर्देशन

**खबर दर्पण समाचारदाता**

**असार २४ गते, बर्दिवास**




धान रोपाइँको मुख्य समयमा रासायनिक मलको सहज उपलब्धता सुनिश्चित गर्न जिल्ला प्रशासन कार्यालय महोत्तरीले जिल्लाका सबै स्थानीय तहलाई मलको मौज्दात, बिक्रीवितरण तथा मूल्यको अनुगमन गर्न निर्देशन दिएको छ ।

कार्यालयले बुधबार जारी गरेको सूचनामा स्थानीय तहलाई आफ्नो क्षेत्रभित्र रहेका मल बिक्री केन्द्र तथा सहकारी संस्थाको स्थलगत अनुगमन गरी यथाशीघ्र प्रतिवेदन पेस गर्न निर्देशन दिएको छ ।

कार्यालयका अनुसार किसानलाई आवश्यक पर्ने युरिया, डिएपी, पोटास लगायत रासायनिक मलको आपूर्ति सहज बनाउन, कृत्रिम अभाव हुन नदिन तथा कालोबजारी नियन्त्रण गर्न अनुगमनलाई प्रभावकारी बनाउने उद्देश्यले उक्त निर्देशन जारी गरिएको हो । सूचना अनुसार स्थानीय तहले मल बिक्री केन्द्रको नाम र ठेगाना, युरिया, डिएपी र पोटासलगायत मलको मौज्दात अवस्था, बिक्री भइरहेको मूल्य, नेपाल सरकारले तोकेको मूल्य कार्यान्वयन भए/नभएको, कृत्रिम अभाव वा कालोबजारी भए/नभएकोलगायतका विषय समेटेर प्रतिवेदन पेस गर्नुपर्ने छ। त्यसै गरी अनुगमनका क्रममा देखिएका समस्या तथा समाधानका सुझावसमेत प्रतिवेदनमा समावेश गर्न जिल्ला प्रशासन कार्यालयले स्थानीय तहलाई निर्देशन दिएको छ ।

## सर्लाहीमा गोली चल्यो

**खबर दर्पण समाचारदाता**

**असार २४ गते, बर्दिवास**

सर्लाहीको लालबन्दीमा बुधबार राति मोबाइल व्यवसायीमाथि लुटपाटको प्रयास हुँदा गोली प्रहार भएको छ। लालबन्दी नगरपालिका-७ र ९ को सीमास्थित आइडियल स्कुल नजिकको एकान्त क्षेत्रमा अज्ञात व्यक्तिले मोबाइल पसल सञ्चालकमाथि लुटपाट गर्ने प्रयास गरेका हुन्। लालबन्दी नगरपालिका-७ स्थित लालबन्दी बजारमा मोबाइल पसल सञ्चालन गर्ने लालबन्दी नगरपालिका-९ बस्तीपुरका हरि प्रसाद सापकोटामाथि बुधबार राति ८ बजेपछि लुटपाटको प्रयास भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक (डीएसपी) वेदप्रसाद गौतमले जानकारी दिनुभयो।

बजारमा रहेको पसल बन्द गरी एक जना साथीसँग मोटर साइकलमा घर फर्कँदै गर्दा मोटरसाइकलमै आएका अपरिचित व्यक्तिले सापकोटामाथि लुटपाटको प्रयास गरेका थिए। लुटपाटको क्रममा सामान्य धकेलाधकेल भएपछि हतियार बोकेका व्यक्तिले कट्टुवा पेस्तोलबाट गोली प्रहार गरेको प्रारम्भिक अनुसन्धानबाट देखिएको डीएसपी गौतमले बताउनुभयो।

घटनास्थलबाट पड्किसकेको गोलीका दुई वटा खोका बरामद गरिएको प्रहरीले जनाएको छ।

"मोबाइल पसल सञ्चालक सापकोटा र उहाँसँग मोटर साइकलमा सँगै घर फर्किरहेका व्यक्ति दुवै सुरक्षित हुनुहुन्छ," डीएसपी गौतमले भन्नुभयो, "घटनाबारे थप अनुसन्धान भइरहेको छ।"

घटनाको जानकारी पाएपछि जिल्ला प्रहरी कार्यालय मलङ्गवाबाट डीएसपीको नेतृत्वमा थप प्रहरी टोली लालबन्दी पुगेको थियो। घटनामा संलग्न व्यक्तिको खोजीका लागि प्रहरीले बिहीबार बिहान २ बजेसम्म सर्च अपरेसन सञ्चालन गरे पनि कसैलाई पक्राउ गर्न सकेको छैन।

मोबाइल व्यवसायीमाथि लुटपाट गर्ने उद्देश्यले गोली प्रहार भएको घटनापछि लालबन्दी क्षेत्रका व्यवसायी तथा स्थानीयवासीमा त्रास फैलिएको छ। लालबन्दी नगरपालिका-९ का वडा सदस्य विनोद तिमल्सिनाले घटनापछि स्थानीयमा असुरक्षाको भावना बढेको बताउनुभयो।

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै [illegible]तरी

- पत्रिका
- क्यालेण्डर
- रजिष्टर, डाइरी
- किताब
- परीक्षा कपी
- पर्चा पम्पलेट
- बिल, भाउचर,
- स्क्रिन प्रिन्ट
- विवाह कार्ड
- प्रमाण पत्र
- भिजिटिङ्ग कार्ड
- झोला प्रिन्ट
- रबर स्टाम्प
- फ्लेक्स प्रिन्ट
- ब्यानर प्रिन्ट
- होर्डिङ्ग बोर्ड
- स्टिकर
- फाइल

साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# बाख्रापालनले बदल्दै ग्रामीण महिलाको जीवन

राजु विश्वकर्मा

जनकपुरधाम । बिहानको झिसमिसेमै धनुषाको बटेश्वर गाउँपालिका-२ सीतापुरका रागेश्वरी कुमारी दनुवारको बाख्रा खोरबाट मिमियाहट सुनिन्छ। हातमा घाँसको बोरा बोकेर खोर तर्फ लागेकी दनुवारको अनुहारमा अहिले फरक आत्मविश्वास झल्किन्छ। केही वर्षअघि आर्थिक अभावको चिन्ता देखिने उहाँको अनुहारमा अहिले छुट्टै किसिमको चमक देखिन्छ। दैनिक घरखर्च जुटाउन सङ्घर्ष गर्दै आउनुभएका दनुवार हिजोसम्म भविष्य अन्योलमा हुनुहुन्थ्यो । आज भने उहाँ गाउँका अन्य महिलाका लागि प्रेरणाको स्रोत बन्नुभएको छ ।

“हाम्रो जीवन केही वर्षअघि निकै कठिन थियो, अरूको खेत अधियाँमा जोतेर परिवार चलाउनुपर्ने अवस्था थियो”, दनुवार भन्नुहुन्छ, “पहिला दैनिक खर्च जुटाउनै मुस्किल पर्ने भएकाले भविष्यबारे ठूलो सपना देख्ने अवस्था थिएन्, तर परिस्थितिसँग हार मान्नुभएन ।” दुई वटा स्थानीय बाख्रा पालेर सुरु गरेको प्रयास विस्तारै व्यवसायमा परिणत भयो, चार वटा बाख्राबाट सुरु भएको बाख्रा फार्ममा अहिले बोयर जातका बाख्रा, खसी र बोकासहित करिब २१ वटा रहेको उहाँको भनाइ छ ।

उत्पादन बढाउने उद्देश्यले उहाँले बोयर जातका पाठा र बोका ल्याएर स्थानीय जातसँग क्रस प्रजनन गराउनुभयो । “बोयर जातका बाख्रा छिटो बढ्ने, रोग प्रतिरोधी हुने र मासु उत्पादन बढी हुने भएकाले बजारमा राम्रो मूल्य पाइन्छ”, दनुवार भन्नुहुन्छ, “त्यही भएर बाख्रापालन फस्टाउँदै गएको छ, यसपालि अझै बाख्रा थप्ने योजना छ ।” सुरुमा गाउँलेले उहाँको निर्णयप्रति आशङ्का व्यक्त गरे। “विदेशी बाख्रा पालेर के हुन्छ रु भन्ने टिप्पणी पनि सुनिन् तर अहिले त्यही गाउँलेहरू उहाँको खोरमा पुगेर व्यवस्थापन सिक्न थालेका छन् ।”

उहाँको परिवार अहिले ऋण तिर्ने अवस्थाबाट नियमित आम्दानी गर्ने चरणमा पुगेको छ । दुई कट्ठा जग्गा घाँसखेती गर्नुभएका उहाँलाई पशु आहारको समस्या छैन । बजारमा खसीबोकाको माग बढिरहेकाले उत्पादन बिक्रीमा पनि कठिनाइ नरहेको उहाँ बताउनुहुन्छ। उहाँका अनुसार बाख्रापालनले परिवारको आर्थिक अवस्था मात्र सुधारेको छैन, समाजमा सम्मानसमेत बढाएको छ । रागेश्वरीदेवीको सफलता व्यक्तिगत उपलब्धिमा सीमित छैन। यसबाट गाउँका अन्य महिला पनि बाख्रापालनप्रति आकर्षित भएका छन् ।

बटेश्वर गाउँपालिका-२ का मनिताकुमारी सिंह नेतृत्वमा गठन भएको ‘राजदेवी पशुपालक समूह’ महिला उद्यमशीलताको केन्द्र बनेको छ। समूहमा आबद्ध २५ जना महिलाले घरायसी कामपछि बाँकी समयलाई उत्पादनमूलक काममा लगाउन थालेका छन् । एकअर्काबाट सिक्ने, अनुभव साट्ने र समस्याको सामूहिक समाधान खोज्ने संस्कृतिले महिलाको आत्मविश्वास बढाएको छ ।

सोही ठाउँका ललितादेवी ठाकुर पनि परिवर्तनको अर्को उदाहरण हुन् । पहिले धानबाली र तरकारीखेती गर्दै आउनुभएका ठाकुरले पनि बाख्रापालन रोज्नुभएको छ। अहिले आफ्नै जग्गा र भाडामा लिएको जमिनमा घाँसखेती गर्दै व्यवसाय विस्तार गरिरहनुभएका उहाँ बाख्रापालनलाई नै आम्दानीको मुख्य स्रोत बनाउनुभएको छ । “सुरुमा एउटा बाख्रा मात्र पालेको थिएँ, रागेश्वरी दिदीले बाख्रापालनबाट राम्रो फाइदा भएको देखेपछि मैले पनि बाख्रापालनलाई व्यावसायिक रुपमा अघि बढाएँ”, ललिता भन्नुहुन्छ, “अहिले १७ वटा बाख्रा पालेकी छु, अझै बढाउने सोचमा छु।” सोही ठाउँका अर्की कृषक



सरितादेवी सिंह पनि बिहानदेखि बेलुकासम्म बाख्राको स्याहार सुसारमा व्यस्त रहनुहुन्छ। उहाँका लागि बाख्रापालन आम्दानीको माध्यम मात्र होइन, सक्रिय र सम्मानजनक जीवन जिउने आधार बनेको छ ।

यसरी महिला समूहको सक्रियताले गाउँको सामाजिक संरचनामा परिवर्तन ल्याएको छ। पहिले व्यक्तिगत रूपमा काम गर्ने महिला अहिले समूहमार्फत योजना बनाउने, सरकारी निकायसँग समन्वय गर्ने, बैंकसँग कारोबार गर्ने र सामूहिक रूपमा बजार खोज्ने काममा सक्रिय छन् । यसले उहाँहरूमा नेतृत्व क्षमता विकास हुनुका साथै सामाजिक सम्बन्ध पनि मजबुत भएको छ। बटेश्वर गाउँपालिकामा सक्रिय ‘राजदेवी पशुपालन समूह’ले सदस्यलाई घाँसखेती, प्रजनन व्यवस्थापन, खोर सुधार, रोग नियन्त्रण तथा आधुनिक पशुपालनसम्बन्धी तालिम उपलब्ध गराउँदै आएको छ। ती समूहमार्फत पशु आहारका लागि उत्पादन गरिने पोषणयुक्त घाँस धनुषा र महोत्तरीका पशुपालन गर्ने किसानसम्म पुग्ने गरेका छन् । यसले दिगो पशुपालनको आधार निर्माण गरेको छ ।

“समूहमार्फत अहिले बाख्रा तथा अन्य पशुको आहारका लागि पास्पालम, किम्बु, बदामे, मेन्डुला, टाँकी, भटमास घाँसलगायत उन्नत जातका घाँस उत्पादन भइरहेका छन्”, समूहका अध्यक्ष मनिता सिंह भन्नुहुन्छ, “यो वर्ष मात्रै हामीले करिब रु छ लाख मूल्य बराबरको घाँस उत्पादन गर्‍यौं, रु डेढ लाखको त घाँस बेच्यौं ।”

सरकारी तथा विकास साझेदार संस्थाको सहयोगले यस अभियानलाई थप बल दिएको छ। विश्व बैंक र विश्व कृषि तथा खाद्यसुरक्षा कार्यक्रमको आर्थिक सहयोगमा नेपाल सरकारको खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना ९फ्यानसेप नेपाल० आयोजना कलस्टर इकाई धनुषाद्वारा सञ्चालित परियोजनाअन्तर्गत बाख्रापालनका लागि बोयर जातका बोका तथा बाख्रा उपलब्ध गराउने, खोर निर्माण गरिदिने, प्राविधिक सेवा, घाँस उत्पादनका लागि नर्सरी सञ्चालन गर्ने र अन्य सामग्रीमा अनुदान दिने कार्यक्रम सञ्चालन गरिएका छन् ।

यस्ता कार्यक्रमले महिलालाई व्यवसाय विस्तार गर्न सहज बनाएको छ। परियोजनामार्फत अनुदानसँगै आधुनिक प्रविधि र व्यवस्थापन बारे जानकारी पाएपछि उत्पादनमा गुणस्तरीय सुधार आएको समूहका महिला कृषक बताउँछन् ।

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना (फ्यानसेप नेपाल) आयोजना कलस्टर इकाई धनुषा कृषि अधिकृत शिवचन्द्र झाका अनुसार परियोजनाअन्तर्गत बाख्रापालनका लागि सो महिला समूहमा २५ जना सदस्यका लागि २५ वटा बाख्रा खोर, दुई वटा नमुना बोका खोर निर्माण गर्नुका साथै प्रत्येक सदस्यहरुलाई एक/एक वटा बाख्रा, समूहलाई चाप कटर, तराजुलगायत सामग्री अनुदानमा उपलब्ध गराइएको छ । घाँसेबाली नर्सरीका लागि समूहलाई परियोजनाकोतर्फबाट रु पाँच लाख ५० हजार अनुदान उपलब्ध गराइएको उहाँको भनाइ छ ।

नेपालमा खसीबोकाको मासुको माग बर्सेनि बढ्दो छ । विशेष गरी चाडपर्व, विवाह तथा अन्य सामाजिक अवसरमा यसको खपत उच्च हुने भएकाले बजारको सम्भावना बलियो छ । भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र धनुषाका तथ्याङ्कले जिल्लामा खसीबोकाको मासु उत्पादन निरन्तर बढिरहेको देखाउँछ। स्थानीय उत्पादन बढ्दै जाँदा आयातमा निर्भरता घटाउन पनि मद्दत पुग्ने अपेक्षा गरिएको भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र धनुषाका प्रमुख डा सञ्जीवकुमार ठाकुर बताउनुहुन्छ ।

बाख्रापालनले महिलाको आर्थिक अवस्था सुधार्नुका साथै उहाँहरूको सामाजिक भूमिकामा पनि परिवर्तन ल्याएको छ। पहिले परिवार को आर्थिक निर्णयमा सीमित सहभागिता भएका महिला अहिले आफ्नै व्यवसाय सञ्चालन गर्छन्, बैंकसँग कारोबार गर्छन्, पशु बिमा गराउँछन् र आफ्ना सन्तानको शिक्षा तथा स्वास्थ्यमा लगानी गर्न सक्षम भएका छन् । यसले महिलाप्रतिको सामाजिक दृष्टिकोणमा पनि सकारात्मक परिवर्तन ल्याएको समाजका अगुवा सरोज कुशवाहा बताउनुहुन्छ ।

जलवायु सहनशीलता अभिवृद्धि गर्ने, कृषि उत्पादकत्व बढाउने तथा लक्षित साना कृषक समुदायको पोषण अभ्यासमा सुधार ल्याउने उद्देश्यले धनुषाको बटेश्वर र जनकनन्दनी गाउँपालिकामा तथा महोत्तरीको सम्सी र सोनमा गाउँपालिकामा उक्त परि योजना सञ्चालनमा छन् । परियोजनाअन्तर्गत दुई जिल्लाका चार

*बाँकी पृष्ठ ३ मा*

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# जनकपुरका अतिक्रमित गुठी जग्गा हटाउन ९ सदस्यीय प्रतिवेदन कार्यान्वयन समिति गठन

खबर दर्पण समाचारदाता

**असार २४ गते, बर्दिवास**

भूमि व्यवस्था, सहकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले धनुषाको रामजानकी मन्दिरलगायत बृहत्तर जनकपुर क्षेत्रअन्तर्गत रहेका गुठी जग्गाको संरक्षण तथा अतिक्रमण हटाउन ९ सदस्यीय कार्यान्वयन समिति गठन गरेको छ।

मन्त्रालयले बृहत्तर जनकपुर क्षेत्रअन्तर्गत जनकपुर उपमहानगरपालिका भित्र रहेका पोखरी, पोखरीका डिल, रामजानकी मन्दिरलगायत प्रमुख मठ-मन्दिर तथा गुठी जग्गाको संरक्षण र व्यवस्थापनका लागि विगतमा तयार भएका प्रतिवेदनहरूको कार्यान्वयनलाई तीव्रता दिन उक्त समिति गठन गरेको हो।

समिति गुठी संस्थान, प्रधान कार्यालयका गुठी प्रशासक ध्रुव घिमिरेको संयोजकत्वमा गठन गरिएको छ।

समितिमा जिल्ला प्रशासन कार्यालय धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय समिति धनुषाका जिल्ला समन्वय अधिकारी, भूमि व्यवस्थापन तथा अभिलेख विभागका निर्देशक, भूमि प्रशासन कार्यालय धनुषाका प्रमुख भूमि प्रशासन अधिकृत, नापी कार्यालय धनुषाका प्रमुख नापी अधिकृत, गुठी संस्थान शाखा कार्यालय धनुषाका कार्यालय प्रमुखलगायतका प्रतिनिधि सदस्य रहेका छन्।

समितिलाई बृहत्तर जनकपुर क्षेत्रअन्तर्गत रहेका पोखरी, पोखरीका डिल, रामजानकी मन्दिरलगायत प्रमुख मठ-मन्दिर र गुठी जग्गामा भएका अतिक्रमण हटाई संरक्षण तथा व्यवस्थापन गर्ने जिम्मेवारी दिइएको मन्त्रालयले जनाएको छ।

समितिले उच्चस्तरीय कार्यदलको प्रतिवेदन, २०६२, सरकारी, सार्वजनिक र गुठी जग्गा संरक्षण सम्बन्धी जाँचबुझ आयोग, २०७६ को प्रतिवेदन तथा गुठी जग्गासम्बन्धी अन्य प्रतिवेदनमा उल्लेख भएका कार्यहरू कार्यान्वयन गर्नेछ।




समितिको कार्यक्षेत्रअनुसार मन्दिर परिसर, पोखरी तथा पोखरीका डिलमा भएको अतिक्रमण रेखाङ्कन गरी सम्बन्धित व्यक्तिलाई सात दिनभित्र स्वेच्छाले जग्गा खाली गर्न सूचना जारी गरिनेछ।

त्यसैगरी अन्य गुठी जग्गामा घर - टहरा निर्माण गरी बसोबास गरिएको क्षेत्र रेखाङ्कन गरी सम्बन्धित व्यक्तिलाई पन्ध्र दिनभित्र अतिक्रमण हटाउन सूचना दिइनेछ।

तोकिएको अवधिभित्र अतिक्रमण नहटाएमा स्थानीय प्रशासन तथा सम्बन्धित स्थानीय तहको समन्वयमा१५ दिनभित्र अतिक्रमण हटाउने व्यवस्था गरिएको छ। अतिक्रमण हटाउने कार्य सम्पन्न भएपछि समितिले १५ दिनभित्र प्रगति विवरणसहित मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्ने मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार उक्त समिति गठनसँगै विगतका अध्ययन, आयोग तथा कार्यदलले दिएका सुझावहरूको प्रभावकारी कार्यान्वयन गर्दै बृहत्तर जनकपुर क्षेत्रका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्वका गुठी सम्पत्तिको संरक्षण र व्यवस्थापनलाई थप सुदृढ बनाइने छ।

# बाख्रापालनले बदल्दै ग्रामीण.....


पालिकामा ५५३ वटा समूह सक्रिय रहेको फ्यानसेप नेपालको आयोजना कलस्टर इकाई धनुषाले जनाएको छ।

इकाइका कार्यालय प्रमुख रविलाल शर्माका अनुसार सक्रिय रहेका चार सय समूहलाई साना अनुदान, पूरक अनुदान, प्रवर्द्धन कार्यक्रम अनुदान र घरबारी पोषण बगैँचा योजनामार्फत समूहको कामको मूल्याङ्कन गरी अनुदान सिधै किसानको खातामा पठाउँदै आएको छ। सिमान्तकृत, साना किसान, गर्भवती महिलालाई लक्षित गरी कार्यक्रम सञ्चालन गरिएको प्रमुख शर्माको कथन छ। उत्पादनसँगै प्रशोधन, ब्रान्डिङ र व्यवस्थित बजारीकरणमा ध्यान दिनसके किसानले अझ बढी लाभ लिनसक्ने देखिन्छ।

स्थानीय तह, प्रदेश सरकार र सङ्घीय सरकारले महिला उद्यमशीलतालाई प्राथमिकतामा राखी प्राविधिक सेवा विस्तार, सहुलियतपूर्ण कर्जा, पशु बिमा, उन्नत जातको प्रवर्द्धन तथा बजार व्यवस्थापनमा थप लगानी गर्नु आवश्यक छ। महिला समूहलाई उत्पादनसँगै प्रशोधन र मूल्य अभिवृद्धि उद्योगसँग जोड्नसके ग्रामीण अर्थतन्त्रलाई अझ सुदृढ बनाउन सकिने बटेश्वर गाउँपालिका-२ का वडाध्यक्ष विजय महतो बताउनुहुन्छ।

महिलाको बाख्रापालन अभियानले सामूहिक प्रयास, निरन्तर परिश्रम, आधुनिक सोच र उपयुक्त सहयोग भए ग्रामीण महिलाले पनि सफल उद्यमी बन्न सक्छन् भने एउटा महत्वपूर्ण सन्देश दिएको छ।

वडाध्यक्ष महतो भन्नुहुन्छ, “कुनै समय घरभित्र सीमित रहने महिला आज आफ्नै व्यवसाय सञ्चालन गर्दै परिवार, समाज र स्थानीय अर्थतन्त्रको महत्वपूर्ण आधार बनेका छन्।” खोरबाट सुनिने बाख्राको मिमियाहट आज महिलाका लागि केबल पशुको आवाज होइन, आत्मनिर्भरताको सङ्गीत बनेको छ। यही सङ्गीतले ग्रामीण महिलाको जीवनमा नयाँ आशा, नयाँ सम्भावना र समृद्ध भविष्यको बाटो खोलेको छ। रासस




## विपद् जोखिम न्यूनीकरणको पूर्वतयारी गरौं

- बर्षाको समयमा बाढी पहिरो तथा चट्याङ्गको जोखिम हुन सक्छ,
- सम्भावित जोखिमको मूल्यांकन गरौं, सचेत बनौं,
- जोखिमयुक्त स्थानमा नबसौं, सुरक्षित स्थानमा बसौं,
- नदि किनारा वा भिरालो जमिनमा बसोबास भएकाहरु बिशेष सतर्क रहौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन पूर्वयोजना बनाऔं,
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाद्यान्न, पानी, प्राथमिक उपचार सामग्री, टर्चलाइट र आवश्यक औषधि आदि तयारी अवस्थामा राखौं,
- प्रकोप व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, बृद्धबृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं।

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

# नगरपालिका संघको मधेश संयोजकमा जनकपुरधामका प्रमुख साह मनोनित

खबर दर्पण समाचारदाता
**असार २४ गते, बर्दिवास**



जनकपुरधाम उपमहानगर पालिकाका प्रमुख मनोजकुमार साह नेपाल नगरपालिका संघको मधेश प्रदेश समितिको संयोजकमा मनोनित हुनुभएको छ। संघले मधेश प्रदेश संयोजकको रिक्त पदमा गत सोमबार प्रमुख साहलाई संयोजकमा मनोनित गरेको हो। संघको असार १५ गते बसेको कार्यसमिति बैठकले साहलाई प्रदेश समितिको संयोजकका साथै संघको केन्द्रीय कार्यसमितिको पदेन सदस्यमा मनोनयन गर्ने निर्णय गरेको थियो। संघका कार्यकारी निर्देशक कलानिधि देवकोटा द्वारा हस्ताक्षरित पत्रमार्फत उक्त निर्णयको जानकारी गराइएको हो।

प्रदेश संयोजकका रूपमा साहले मधेश प्रदेशका स्थानीय तहबीच आपसी सहकार्य र समन्वय अभिवृद्धि गर्ने, साझा समस्या तथा आवश्यकतालाई एकीकृत रूपमा उठाउने, नीति निर्माण प्रक्रियामा स्थानीय सरकारको भूमिका सुदृढ बनाउने तथा सङ्घीय, प्रदेश र स्थानीय तहबीचको सहकार्यलाई प्रभावकारी बनाउन नेतृत्वदायी भूमिका निर्वाह गर्ने बताउनुभएको छ।

उहाँले मधेश प्रदेशका स्थानीय तहका विकास प्राथमिकता, चुनौती र आवश्यकतालाई र ाष्ट्रिय स्तरमा थप सशक्त रूपमा प्रस्तुत गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

नेपाल नगरपालिका संघले नगर पालिकाको संस्थागत क्षमता अभिवृद्धि, सुशासन प्रवर्द्धन, सेवा प्रवाहमा सुधार तथा स्थानीय सरकारका साझा हितका विषयमा विभिन्न तहका सरकार सँग समन्वय गर्दै आएको छ।

यसअघि संघको मधेश प्रदेश संयोजकमा धनुषाको हंसपुर नगरपालिकाका प्रमुख प्रदीपकुमार यादव रहनुभएको थियो। प्रमुख यादवको गत माघ २६ गते उपचारका क्रममा निधन भएपछि उक्त जिम्मेवारी साहलाई दिइएको हो।

# बर्दीबास रक्तसञ्चारलाई ७० लाखको मेसिन

खबर दर्पण समाचारदाता
**असार २४ गते, बर्दिवास**




रोटरी क्लब अफ बर्दीबासले नेपाल रेडक्रस सोसाइटी बर्दीबास उपशाखाद्वारा सञ्चालित रक्तसञ्चार केन्द्रलाई करिब ७० लाख रुपियाँ मूल्य पर्ने अत्याधुनिक ब्लड कम्पोनेन्ट सेपरेटर (रक्त अवयव छुट्याउने मेसिन) हस्तान्तरण गरेको छ।

मधेश प्रदेशकी श्रम तथा यातायातमन्त्री शारदादेवी थापा, बर्दीबास नगरपालिकाका प्रमुख प्रह्लाद क्षेत्री तथा र ोटरीका केन्द्रीय पदाधिकारी लगायतले भारतको ग्रेटर तेजपुर रोटरी क्लबको संयुक्त पहलमा प्राप्त उक्त मेसिनसहित सात प्रकारका सामग्री मङ्गलबार अपर ाह्न हस्तान्तरण गर्नुभएको हो।

हस्तान्तरण समारोहलाई सम्बोधन गर्दै मन्त्री थापा, नगर प्रमुख क्षेत्री, रोटरीका निवर्तमान गभर्नर विनोद कोइराला तथा कृष्णप्रसाद गौतमलगायत वक्ताहरूले रोटरी क्लब अफ बर्दीबासले शिक्षा, स्वास्थ्य तथा सामाजिक सेवाका क्षेत्रमा पुऱ्याएको योगदानको प्रशंसा गर्नुभयो। उहाँहरूले रक्तसञ्चार सेवालाई प्रभावकारी र दिगो बनाउन सबै पक्षको सहकार्य आवश्यक रहेकोमा जोड दिनुभयो।

नयाँ मेसिन सञ्चालनमा आएपछि बर्दीबासस्थित रक्तसञ्चार केन्द्रबाट प्रवाह हुने सेवा थप प्रभावकारी, गुणस्तरीय र सहज हुने अपेक्षा गरिएको छ। यसबाट महोत्तरी सँगै छिमेकी सर्लाही र सिन्धुली जिल्लाका बिरामीले समेत प्रत्यक्ष लाभ पाउने विश्वास गरिएको छ।

वि.सं. २०७३ सालदेखि सञ्चालनमा रहेको बर्दीबास र क्तसञ्चार केन्द्रले हाल वार्षिक दुई हजारभन्दा बढी युनिट र गत आपूर्ति गर्दै आएको छ। तर प्लेटलेट्स तथा अन्य रक्त अवयवको वार्षिक करिब एक हजार पाँच सय युनिट आवश्यकता भए पनि उपकरण अभावका कारण सेवा विस्तार गर्न नसकिएको रेडक्रसले जनाएको छ।

रोटरी क्लब अफ बर्दीबासका अध्यक्ष इन्द्रप्रसाद ढुङ्गेल (सीताराम)ले तीन वर्षको प्रयासपछि अत्याधुनिक ब्लड कम्पोनेन्ट सेपरेटर हस्तान्तरण गर्न पाउँदा गौरव र सन्तुष्टि मिलेको बताउनुभयो।

उहाँका अनुसार नयाँ प्रविधिको यो मेसिनले दाताबाट सङ्कलन गरिएको होल ब्लडलाई रातो रक्तकोष, प्लाज्मा र प्लेटलेट्सलगायत विभिन्न रक्त अवयवमा छुट्याउन सक्छ। यसबाट एउटै रक्तदानबाट तीन जनासम्म बिरामीको उपचारमा सहयोग पुग्ने भएकाले बर्दीबास क्षेत्रका लागि यो महत्त्वपूर्ण उपलब्धि हुने उहाँले बताउनुभयो।

नेपाल रेडक्रस सोसाइटी बर्दीबास उपशाखाका सभापति भुवन खड्काले हालसम्म प्लेटलेट्स, प्लाज्मालगायत रक्त अवयव आवश्यक पर्दा बिरामी र आफन्तले जनकपुर, वीरगन्ज वा काठमाडौँ जानुपर्ने बाध्यता रहेको बताउनुभयो।

उहाँका अनुसार कम्पोनेन्ट सेपरेटर सञ्चालनका लागि आवश्यक पूर्वाधार तयार भइसकेको छ। प्राविधिक व्यवस्थापन पूरा गर्न केही समय लाग्ने भएकाले आगामी साउन १ गतेदेखि रक्तसञ्चार केन्द्रबाट प्लेटलेट्स, प्लाज्मालगायत रक्त कम्पोनेन्ट उत्पादन तथा वितरण सेवा औपचारिक रूपमा सुरु गरिनेछ।-गोरखापत्र


## सन्तुलित जनसंख्याः विकासको आधार

- ❖ जनसंख्याको सन्तुलित विकासमा ध्यान दिऔं,
- ❖ जनसंख्या व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- ❖ मातृ तथा शिशु स्वास्थ्य सेवामा पहुँच बढाऔं,
- ❖ किशोर–किशोरीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिऔं,
- ❖ लैङ्गिक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गरौं,
- ❖ शिक्षा, स्वास्थ्य, क्षमता विकास र रोजगारीमा जोड दिऔं।

**स्वस्थ, शिक्षित र समृद्ध समाज निर्माणमा योगदान दिऔं।**

**औरही नगरपालिका, महोत्तरी**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,